# नेपाली उखानमा यौनको प्रयोग

**Kaumodaki : Journal of Multidisciplinary Studies**
[A Peer-Reviewed, Open Access Journal; Indexed in NepJoL]
ISSN : 2822 - 1567 (Print); ISSN : 2822 -1583 (Online)
Published by Research Management Cell, Vinduwasini Sanskrit Vidyapeeth (Campus)
Nepal Sanskrit University, Pokhara, Nepal
https://ejournal.vsc.edu.np

**यमनाथ तिमिल्सिना**
Department of Nepali, Prithvi Narayan Campus, Tribhuvan University, Pokhara, Nepal

***Article History :*** *Submitted 22 Oct. 2022; Reviewed 27 Nov. 2022; Accepted 12 Dec. 2022*
***Corresponding Author :*** *Yemnath Timilsina,* ***Email :*** *yemnathtimilsina@gmail.com*
***DOI :*** *https://doi.org/10.3126/kdk.v3i1.52120*

**लेखसार**

*'नेपाली उखानमा यौनको प्रयोग' शीर्षकको यो आलेख भाषिक कोणबाट अघि बढाउँदै समाजमा उखानले पार्ने प्रभावमा केन्द्रित गरिएको छ । पुरुष र स्त्रीको मैथुन क्रियाकलापसँग सम्बन्धित कुरालाई यौन भनिन्छ । नेपाली समाजमा यौनिक विषयका मौलिक उखानहरू प्रचलनमा रहेको पाइन्छ । लोकसाहित्यको सैद्धान्तिक पृष्ठभूमिमा यौनसँग जोडिएका उखानलाई चिनाउँदै नेपाली समाजमा प्रचलित प्रतिनिधिमूलक उखानलाई अध्ययनको विषयक्षेत्र बनाइएको छ । पुस्तकालयबाट आवश्यक सामग्री सङ्कलन गरी निगमनात्मक तथा वर्णनात्मक विधिको उपयोग गर्दै आलेखलाई पूर्णता दिइएको हो । नेपाली जनजिब्रामा भिजेका यौन विषयसँग जोडिएका मनोवैज्ञानिक उखानलाई सङ्कलन गरी विश्लेषण गर्ने कार्य व्यवस्थित नभएकाले उक्त समस्या समाधान गर्ने उद्देश्यले यो अध्ययन अगाडि बढाइएको हो । पुरानो पुस्ताका व्यक्ति तथा अग्रज विद्वान्का कृतिबाट यौन मनोविज्ञानमा आधारित यौन आकर्षण, यौन अवचेतन, यौन कुण्ठा, यौन अभिव्यक्ति, यौन व्यवहार, यौन विकार आदि विषयहरू समेटिएका नेपाली उखानलाई सङ्कलनमा प्राथमिकता दिइएको छ । यौनको प्रयोग भएका उखानको विश्लेषण गर्नु यस आलेखको मुख्य उद्देश्य हो । बोलीचालीमा सीमित यौन विषयक नेपाली उखानलाई सङ्कलन गरी पाठकसामु पस्कनु र त्यस्ता उखानको खास प्रयोगक्षेत्र देखाउँदै विश्लेषण गर्ने कार्यमा नै यो आलेख केन्द्रित गरिएको छ । पितृसत्ताको मात, कामेच्छाको चाहना, यौनतृप्तिको प्रयास, कमजोरलाई हेप्ने प्रवृत्तिबाट यौन विषयक नेपाली उखानहरूको उद्‌भव भएको र नेपाली समाजमा मौलाएको प्रसङ्ग उल्लेख गर्दै मानव जीवनमा यौन महत्त्वपूर्ण कुरा हो भन्ने अध्ययनको निष्कर्ष छ ।*

**शब्दकुञ्जी :** अवचेतन, कामवासना, कामेच्छा, यौनिक, हियो

## विषय प्रवेश

लोक प्रचलित साहित्यलाई लोकसाहित्य भनिन्छ। लोकसाहित्यको एउटा विधा लोकोक्ति हो। लोकोक्तिअन्तर्गत उखान पर्दछ । उखान पनि विषयवस्तुका दृष्टिले अनेक प्रकारका हुन्छन् । यस आलेखमा यौन पक्षसँग जोडिएका नेपाली उखानहरूको मात्र अध्ययन गरिएको छ । नेपाली भाषी समाजमा यौनलाई अश्लीलतासँग जोडेर हेरिन्छ

*Copyright 2023 © the Author(s) and the Publisher*
CC BY NC

अनि गोप्य राखिन्छ। शिक्षित र सभ्य मानिएकाहरूले पनि यौनलाई खुला गर्न सकेका छैनन्। यौनलाई साहित्यमा महत्त्व दिनुपर्छ भन्ने विद्वान्हरूमा फ्रायड, युङ र एडलरको नाम अगाडि आउँछ। फ्रायडले यौन मनोविज्ञानलाई सैद्धान्तिक रूप दिए। व्यक्तिका अवचेतन मनमा थिग्रिएका अनेकौँ इच्छाहरू त्यसै हराएर जाँदैनन्, परिवेश अनुकूल हुँदा व्यक्ति अतृप्त चाहना पूरा गर्न तयार हुन्छ। अप्राकृतिक सम्बन्धबाट यौनतृप्ति प्राप्त गर्न खोज्ने मनोरोगीलाई यौन विषयक साहित्यका माध्यमबाट यौनतृप्ति गराउन सकिन्छ भनेर फ्रायडले जोड दिएका छन्। नेपाली समाजमा कतिपय उखानहरू यौनिक मनोविकारबाट सिर्जिएका छन्।

लोकमा प्रचलित भनाइहरू, भुक्तभोगीका अनुभवहरू, कटुसत्य विषयहरू आदिका माध्यमबाट शब्द र अर्थको संश्लेषण प्रक्रिया पूरा गरी उखानहरूको निर्माण हुने गर्दछ। उखानलाई आहान, कहावत, कथन, खिस्सा आदि पनि भनिन्छ। लोकज्ञानले पूर्ण, प्रयोगमा मधुरता, मार्ग निर्देशनको क्षमता आदिको टड्कारो अभिव्यक्ति भएकाले उखानलाई सर्वस्वीकार्य मानिन्छ। त्यसैले उखानलाई पुस्तौँपुस्ताको साझा अनुभवका सामान्यीकरणबाट विकसित तथा प्रचलित कथन भनिन्छ। उखानले भाषा र मानव सभ्यताको प्राचीन झल्को दिने गर्दछ।

यौन मनोविज्ञानसँग जोडिएका नेपाली उखानलाई समेटेर अध्ययन विश्लेषण गरिएको पाइँदैन। यही अभावलाई पूर्णता दिने उद्देश्यले यो आलेख तयार गरिएको हो। यौनको प्रयोग भएका नेपाली उखानलाई विभिन्न कोणबाट अध्ययन विश्लेषण नगरिएको हुनाले उक्त समस्या हटाउने उद्देश्यले 'नेपाली उखानमा यौनको प्रयोग' शीर्षकको यो आलेख अगाडि बढाइएको हो।

## समस्याकथन र उद्देश्य

यस आलेखमा निम्न समस्या पहिचान गरिएको छ-

(क) नेपाली उखानमा यौनको प्रयोग के कसरी गरिएको छ ?

नेपाली भाषी समाजमा यौन पक्षसँग जोडिएका नेपाली उखानलाई सङ्कलन गरी तिनको प्रयोगक्षेत्र ठम्याउँदै विश्लेषण गर्ने उद्देश्यले यो आलेख अगाडि बढाइएको हो। नेपाली उखानमा प्रयोग भएका यौनिक पक्षको विश्लेषण गर्नु यस आलेखको उद्देश्य रहेको छ।

## अध्ययनको विधि

यस आलेखमा आवश्यक सैद्धान्तिक ज्ञान तथा यौन पक्षसँग सम्बन्धित नेपाली उखानहरूको सङ्कलनका लागि पुस्तकालयको उपयोग गरिएको हो। सङ्कलित सामग्रीलाई निगमनात्मक तथा वर्णनात्मक विधिको प्रयोग गरी अध्ययनलाई व्यवस्थित पारिएको छ। उखानहरू सङ्कलन गरेपछि आलेखको शीर्षकमा नमिल्ने उखानलाई अध्ययनबाट हटाइएको छ। यौनिक विषयसँग जोडिएका नेपाली उखानलाई मात्र अध्ययनभित्र राखिएको हो। अन्य विषयसँग सम्बन्धित नेपाली उखानहरूको यहाँ अध्ययन गरिएको छैन। यो यस आलेखको सीमा हो।

## सैद्धान्तिक अवधारणा

यस उपशीर्षकमा यौन विषयक उखानलाई सैद्धान्तिक रूपमा चिनाइएको छ। लोकमानसमा प्रचलित साहित्यलाई लोकसाहित्य भनिन्छ। लोकसाहित्यका सर्जक लोकसमुदाय नै हुन्। कुनै व्यक्ति विशेषलाई लोकसाहित्यको सर्जक मानिँदैन। लोकको हित वा कल्याणका निम्ति लोकसमुदायले लोकभावनालाई समेटी अभिव्यक्त गरेको लोकमानसको उद्गार नै लोकसाहित्य हो (लामिछाने, २०७७, पृ. ५९)। यो मौखिक वाश्रुतिपरम्परामा हुर्केको र सुरक्षित रहेको हुन्छ। लोकसाहित्यका अनेकौँ विधाहरूमा उखान पनि पर्दछ। यो आलेख उखानसँग सम्बन्धित भएकाले अन्य

विधाको यहाँ चर्चा गरिएको छैन । यहाँ सैद्धान्तिक पृष्ठभूमिमा उखानको परिचय दिइएको छ ।

लोकसाहित्यको लोकोक्तिका रूपमा प्रचलित महत्त्वपूर्ण विधा उखानको उद्भव ऐतिहासिक, सामाजिक, सांस्कृतिक, पौराणिक, मनोरञ्जनात्मक, स्थानीय रीतिरिवाज आदि स्रोतबाट भएको पाइन्छ। उखान शब्दको निर्माण संस्कृतको उपाख्यान, प्राकृतको उक्खाणबाट बनेको हो । उपाख्यान एक किसिमको कथा हो भने उखानचाहिँ एउटा न एउटा लोकअनुभवलाई बोक्ने तथा लोकविश्वासलाई सूत्रबद्ध रूपमा पोख्ने खिरिलो उद्गारका रूपमा प्रचलित छ (थापा र सुवेदी, २०४१, पृ. १४-१५) । भनाइलाई चोपिलो बनाउन प्रयोग गरिने सूत्रात्मक कथन नै उखान हो ।

नेपाली जातिको सामाजिक, सांस्कृतिक परम्पराको पृष्ठभूमिमा बनेर आएका उखानहरूले नेपालीको चिन्तन, रीतिरिवाज, अवस्था, जीवनशैली र परिवशेको बोध गराउँछन् । उखान लोकअनुभवका सारपूर्ण तथा सूत्रात्मक कथन हुन् । लोकजीवनका तिता-मिठा व्यावहारिक अनुभव र अनुभूतिबाट सिर्जिएका महत्त्वपूर्ण कथनलाई उखान भनिन्छ। यिनै उखानले सिङ्गो मानव सभ्यताको इतिहासलाई मौखिक परम्परामा जीवन्त बनाएका हुन्छन्। वक्ताले आफ्नो भनाइलाई पुष्टि गर्न यस्ता उखानको प्रयोग गर्दछ । उखानका रचनाकार को हुन् ? थाहा हुन नसके पनि त्यसको लोकप्रियता, सारपूर्णता, ज्ञानबर्द्धक कथनले गर्दा उखान लोकजीवनमा वर्षौंदेखि एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै आएका छन् (पौड्याल, २०७७, पृ. २५०) । उखानलाई जातिको अनुभवको सार र भाषाको प्राण मानिन्छ। त्यसैले भनिन्छ, उखान लोकजीवनका व्यावहारिक अनुभव र अनुभूतिबाट खारिएर निस्केका सारपूर्ण, सूत्रात्मक तथा ज्ञानबर्द्धक दृष्टान्तमूलक कथन हुन् ।

अनुभवसिद्ध ज्ञान, जातीय जीवनको सत्य, सार्वभौम र सार्वकालिक अभिव्यक्ति सङ्क्षिप्तता, सरलता, जीवन्तता र लोकप्रियता उखानका विशेषता हुन् । उखान वाक्य स्तरको छोटो छरितो वा सूत्रात्मक संरचना भएको कथन वा भनाइ हो (लामिछाने, २०७७, पृ. ११४) । लोकसाहित्यका धेरैजसो विधामा पनि प्रयुक्त हुने उखान प्रायः बोलीचालीमा बढी प्रयोग गरिन्छ । मानवीय अनुभव, ज्ञान र चिन्तन नै लोकोक्तिको स्रोत हो भने त्यसको माध्यमचाहिँ लोकभाषा हो (थापा र सुवेदी, २०४१, पृ. १४-१५) । मानिसले व्यङ्ग्य गर्दा वा चोटिलो प्रहार गर्दा प्रायः उखान प्रयोग गरेको पाइन्छ ।

पुरुष र स्त्रीको मैथुन कार्य वा रतिक्रियासँग सम्बन्धित कुरालाई यौन भनिन्छ। यौनका बारेमा साहित्य र विश्लेषण गर्ने सिद्धान्त सिर्जना गरिएका छन् । यौन मनोविज्ञानका बारेमा सिद्धान्तहरू प्रतिपादित भएका छन् । फ्रायडले यौन साहित्यलाई महत्त्व दिएर यौन मनोविज्ञान वा फ्रायडवाद अघि सारेका छन् । फ्रायडका अनुसार मानव मनका तीन तह हुन्छन्- चेतन, अर्धचेतन र अवचेतन । मानिसको अवचेतन मनमा यौनचाहना रहेको हुन्छ तर चेतन मनका दबाबमा माथि उठ्न वा जाग्न सक्दैन । जब अवचेतन मन जाग्छ तब चेतन मन दबिन्छ । यस्तो समयमा मानिस यौनतृप्ति लिन चाहन्छ । जुन कुरालाई सभ्य ठानिएका मानिसले अश्लील ठान्छ र घृणा गर्छ । कतिपय उखानहरू यौनिक मनोविकारबाट सिर्जना भएका हुन्छन् । यस आलेखमा यस्तै उखानहरूलाई अध्ययनको विषय बनाइएको छ ।

बालविधवा, विदेशमा भुलेको लोग्नेका कारण पीडाबोध गरेकी महिला, बुढो लोग्नेका कारण यौनतृप्ति नपाएकी महिला, घर परिवारबाट हेपिएकी बुहारी, बैंसमत्त हुँदा पनि विवाह नभएका युवायुवती, सालीका आसमा जीवन गुजार्ने भेना, पितृसत्ताको अहम् पालेको वृद्ध लोग्ने, श्रीमती गुमाएको एकल लोग्नेमान्छे आदिका कारण यौन विषयक नेपाली उखानहरूको उद्भव भएको पाइन्छ । समाजमा कतिपय व्यक्तिहरू यौन कुण्ठा पालेर बसेका हुन्छन् । मौका पर्दा व्यक्तिले यौनिक विषयसँग जोडिएका उखान बनाउँछन् भने कतिपय अवस्थामा बनेका उखानहरू ठ्याक्क बोलिरहन्छन् ।

यस आलेखमा निम्न व्यक्तिका निम्न कृतिको सिंहावलोकन गरी आवश्यक सामग्री सङ्कलन गरिएको छ- धर्मराज थापा र हंसपुरे सुवेदीको *नेपाली लोकसाहित्यको विवेचना* (२०४१), कृष्णप्रसाद पराजुलीको *नेपाली उखान र गाउँखाने कथा* (२०५४), जीवेन्द्रदेव गिरीको *लोकसाहित्यको अवलोकन* (२०५७), चूडामणि बन्धुको *नेपाली लोकसाहित्य* (२०५८), *नेपाली उखान सङग्रह* (२०६९), शिवप्रसाद पौड्यालको *नेपाली उखानको विषयात्मक अध्ययन* (२०७७), *सामाजिक, सांस्कृतिक सन्दर्भका नेपाली उखान* (२०७१), कृष्णप्रसाद भण्डारीको *मनको रोग* (२०६३), वासुदेव आचार्यको *अर्थमूलक नेपाली उखान* (२०६४), हंसपुरे सुवेदीको *उखान सङ्ग्रह* (२०६७), भरतजङ्ग राणाको *भरत उखान सङ्ग्रह* (२०७०), दीपककुमार थापा मगरको 'नेपाली उखानमा मनोविज्ञान' (शोधपत्र, २०७४), कपिलदेव लामिछानेको *लोकसाहित्य सिद्धान्त* (२०७७) आदि ।

माथिका व्यक्तिहरूका कृतिमा नेपाली उखानहरूको सङ्कलन र सैद्धान्तिक चर्चा गरिएको भए पनि यौन विषयसँग जोडिएका नेपाली उखानहरूको छुट्टै र समग्र अध्ययन गरिएको छैन । त्यही अभावलाई पूरा गर्ने उद्देश्यले यो आलेख तयार गरिएको हो । यौनको प्रयोग भएका नेपाली उखानहरूलाई निम्न बुँदामा वर्गीकरण गरी अध्ययनलाई व्यवस्थित गरिएको छ :

(क) पतिपत्नीसम्बन्धी यौन उखानहरू,
(ख) पतिपत्नी भिन्न अन्य व्यक्तिसम्बन्धी यौन उखानहरू,
(ग) पशु आरोपित यौन उखानहरू,
(घ) उपदेशमूलक यौन उखानहरू,
(ङ) विपरीत भावजन्य यौन उखानहरू,
(च) नारी उत्तेजनासम्बन्धी यौन उखानहरू ।

यहाँ यौनको प्रयोग भएका नेपाली उखानहरूलाई सूत्रात्मक रूपमा मात्र वर्गीकरण गरिएको छ, सैद्धान्तिक रूपमा व्याख्या विश्लेषण गरिएको छैन ।

## यौनको प्रयोग भएका नेपाली उखानहरूको विश्लेषण

यौन वा यौनिक क्रियाकलापहरू मानवीय आवश्यकताभित्र पर्दछन् । प्रकृतिप्रदत्त आवश्यकता र स्वअधिकारका रूपमा हामी यौन पक्षलाई लिने गर्दछौँ । मानव समाजमा यौनलाई स्वतन्त्रता प्रदान गरिएको छैन । एउटा कठोर अनुशासन र जीवनविधिका आधारमा मात्र यौनलाई हेर्ने गरिन्छ । प्रकृतिप्रदत्त भएर पनि विभिन्न बाधाहरू सिर्जना गरिएको हुँदा यौनसँग सम्बन्धित विषयहरू मानसिक रूपमा दबाएर राख्ने गरिन्छ । यसबाट मानसिक रूपमा कुण्ठा उत्पन्न भई विभिन्न खालका अनैतिक, अस्वाभाविक क्रियाकलापहरू निस्कन थाल्दछन् । समकालिक प्रभाव राख्ने लोकसाहित्यको विधा उखानमा सबैभन्दा धेरै यौन मनोविकार तथा यौन मनोविज्ञानको प्रयोग भएको पाइन्छ ।

यौन मनोविज्ञानमा यौन क्रियाकलापहरूका दुई भेद छन्- प्राकृतिक वा जैविक र विकार वा विपर्यस्त (भण्डारी, २०६३, पृ. १३८) । तर उखानहरू भाषिक अभिव्यक्ति भएकाले मनोविकारका रूपमा मात्रै व्याख्या गर्न सकिन्छ । उखान पनि लोकसाहित्यको अङ्ग भएकाले यौन आरोपित उखानहरूको रचना गर्भका रूपमा समाजमा प्रचलित मानसिक यौन विकारहरू, व्यवहारहरू, समस्या, सत्य घटना आदिलाई लिन सकिन्छ ।

समाजमा पतिपत्नीका बिचको यौन कार्यलाई सहर्ष स्वीकार गरिन्छ । त्यसैले पनि यससम्बन्धी उखानहरू बढी मात्रामा प्रचलित छन् । पति वा पत्नी कुनै एकको अभाव हुँदा अन्य व्यक्तिसँगको यौनचाहनाले मानव मनलाई सताउँदो रहेछ । त्यस अवस्थामा पनि नेपाली समाजमा मौलिक खालका यौन विषयक उखानहरूको उद्भव

भएको पाइन्छ । मनले चाहेको व्यक्तिको अभावमा पशु आरोपित उखान पनि जन्मन पुग्दा रहेछन् । पशु आरोपित उखानको पनि यहाँ अध्ययन गरिएको छ । त्यस्तै मानवले जीवन भोगाइबाट प्राप्त गरेको ज्ञानलाई उपदेशमूलक यौन उखानका माध्यमबाट समाजमा सम्प्रेषण गरेको पाइन्छ । यौन उत्तेजित नारी वा पुरुष कतिसम्म कल्पनामा डुबेर मन शान्त पार्दछन् भन्ने कुरा पनि यौन विषयक उखानको अध्ययनबाट बुझ्न सकिन्छ ।

यस आलेखमा यौनको प्रयोग भएका नेपाली उखानहरूलाई माथि वर्गीकरण गरेबमोजिमका बुँदामा नेपाली वर्णानुक्रममा राखी विश्लेषण गरिएको छ ।

**(क) पतिपत्नीसम्बन्धी यौन उखानहरू :**

**अरूले हाँसेको भन्दा कान्छीका बाउले कासेको मिठो ।** नेपाली समाजमा मन मिल्ने तथा दुःखसुखमा साथ दिने पति घरमै छ भने पत्नीको लागि त्योभन्दा ठुलो कुरा केही हुँदैन । पतिका काखलाई अरूका लाखले प्रभाव पार्न सक्तैन । त्यस्तो समयमा पराइले हाँसेको भन्दा आफ्ना श्रीमान्ले कासेको पनि मिठो र राम्रो लाग्दछ । पतिव्रता नारी परपुरुषको प्रभावमा पर्न चाहन्न । ऊ त आफ्नै पुरुषका काखमा लुट्पुटिन चाहन्छे ।

**आफू उठी नेपाल जाने, छोरो पाई राखेस् भन्ने ।** कामको सिलसिलामा लोग्ने घर छोडी विदेश जाने चलन पहिला पनि थियो, अहिले झन् बढी छ । लोग्ने नभई कसरी छोरो जन्माउने ? नजन्मेको छोरो कसरी हुर्काउने ? यस उखानमा लोग्ने स्वास्नी सँगसँगै बस्न पाए हुन्थ्यो भन्ने भावना छ । एकातिर लोग्ने अर्कातिर स्वास्नी हुँदाको पीडा उखानमा उतारिएको छ ।

**आफ्नो गतबाट गइस् राँड छोरैछोरा पाएस् ।** बिहे भएको लामो समयसम्म छोराछोरी नभएपछि पत्नी अन्यत्रै पोइल जान्छे । श्रीमतीले छोडेपछि दुईचार दिन त श्रीमान् रिसाउँछ, श्रीमतीलाई गाली पनि गर्छ । दिन बित्दै गएपछि श्रीमान् अलि समालिन्छ र आफूले छोराछोरी जन्माउन नसकेकोमा पश्चात्ताप पनि गर्छ । आफूलाई पौरुषत्व नभएको महसुस गर्दै श्रीमतीसँगका विगतकामिठा कुरा सम्झन्छ । त्यसपछि मेरा गतबाट गइस् अब छोरैछोरा पाएस् भनेर सहानुभूति प्रकट गर्दछ । यस उखानमा आफूले दुःख पाए पनि आफ्ना मान्छेले सुख पाओस् भन्ने कामना गरिएको छ ।

**बाह्र वर्षमा पोइ आएको, मै राँडलाई ज्वरो आको ।** यो उखान काम चेतनाले पोषित अभिव्यक्ति हो । अभिधात्मक अर्थ मै यसले लोग्नेसँगको सहवासको इच्छा गरेको छ । लामो समयसम्म अलग रही आत्तिएकी स्वास्नी पोइ आउँदाको समयमा सम्भोग गर्न नपाएको दुःखको मर्मयस उखानमा वर्णित छ । यस उखानलाई प्रयोजनका हिसाबले जुनसुकै अर्थमा प्रयोग गर्न सकिए तापनि यसको अभिधात्मक अर्थ भने यौनग्रन्थिको उपजका रूपमा निस्केको मानिन्छ ।

**ब्याउनी न स्याउनी मुत्नी मात्रै खियाउनी ।** सन्तान जन्माउन असफल पुरुषले स्वास्नीसितको सहवालाई महत्त्व नदिएको कुरा यस उखानले व्यक्त गरेको छ । जति मिहिनेत गरे पनि काम बन्दैन भने त्यस्तो काम किन गर्ने ? भन्ने मनोविज्ञानको उद्घाटन यस उखानमा भएको छ । सन्तान नजन्मदाको पीडाबोध भएकाले श्रीमतीप्रति श्रीमान्को आक्रोश व्यक्त भएको पाइन्छ ।

**(ख) पतिपत्नी भिन्न अन्य व्यक्तिसम्बन्धी यौन उखानहरू :**

**आफू हुनुहुन्न, जेठाजुले छुनुहुन्न ।** यस उखानमा नारी अवचेतन मनको उद्गार पाइन्छ । यहाँ आफू भनेर वक्ताले आफ्नो श्रीमान्लाई भनेकी हो भने जेठाजु भनेर नेपाली समाजमा श्रीमान्को दाजुलाई बुझाउँछ जो अति सम्मानयोग्य व्यक्ति हुन्छ । नेपाली समाजमा जेठाजु बुहारीको नातामा यिनीहरू बिच छोइनु पनि हुँदैन

भन्ने प्रचलन रहेको पाइन्छ । तसर्थ यहाँ बुहारीले पोइको इच्छा गर्छे तर जेठाजु उपलब्ध हुन्छ, जसबाट पतिको आवश्यकता पूरा हुँदैन । यस उखानमा नारी अवचेतनामा लुकेको यौनकुण्ठा घुमाउरो पाराले अभिव्यक्त भएको छ । यस उखानले नारीको यौन मानसिकता देखाएको छ ।

**कसैलाई सक्तिन, कान्छी भाउजूलाई राख्दिन ।** समाजमा सानालाई सबैले हेप्छन्, बलियासँग डराउँछन् भन्ने भाव यसउखानमा व्यक्त भएको पाइन्छ । कान्छी भाउजू अरूभन्दा सानी, उमेरले पनि कच्चा, घरपरिवार राम्ररी बुझ्न नभ्याएकी हुँदा उरन्ठेउलो देवरले दुःख दिन्छ भन्ने भनाइ यहाँ छ ।

**गुन्द्रुकलाई पकाउनु पर्दैन, सालीलाई फकाउनु पर्दैन ।** गुन्द्रुक उमाले पाक्ने तरकारी हो । त्यसलाई धेरै बेर लगाएर पकाउनु आवश्यक हुँदैन । ठिक त्यस्तै सालीलाई भिनाजुले बढी माया गर्ने हुँदा भिनाजुको सामान्य इसारामा सालीले सहमति दिन्छन् भन्ने कुरा यसउखानमा व्यक्त भएको छ ।

**दिउँसो मित बैनी, राती थिच बैनी ।** यौन आवेगमा रमाउने व्यक्तिहरू देखावटी नाता सम्बन्ध कायम गरी अनैतिक सम्बन्ध गाँस्न पुग्छन् । दाजुबैनीको सम्बन्ध देखाएर यौनलिप्सामा रमाउनेहरूलाई यस उखानले व्यङ्ग्य गरेको छ । तपाईं मित दाइ भएकाले मसँग यौन सम्बन्ध राख्नु हुँदैन भनेर मित बैनीले भन्दा त्यसको विपरीत मित दाइ ‘देखावटी मित दाइ व्यवहारमा प्रेमी’ भन्दै अँठ्याउन पुग्छ । गराइ र भनाइमा भिन्नता रहेको तथ्यलाई यस उखानले प्रमाणित गरेको पाइन्छ ।

**पाप न ताप उत्तानो परी थाप/पाप न साप मिलाएर थाप ।** बैंसमा यौन उत्तेजित पुरुषले कुनै महिलालाई शारीरिक सम्बन्ध बढाउन तारतम्य मिलाउँछ । पुरुष यौनक्रीडाका लागि तयार छ तर महिला यौनक्रीडाका लागि तयार छैन वा सशङ्कित छे । त्यस बेला पुरुषले महिलालाई सम्झाउँदै भन्छः यौनसम्पर्क गर्ने कुरा पाप धर्मको विषय होइन, केही नसोची उत्तानो पर् र काम गर्न दे । पितृसत्ताको हैकमले पुरुषले महिलालाई सम्झाएर भन्दा हप्काएर काम गर्न खोजेको दृष्टान्त यस उखानले प्रस्तुत गरेको छ ।

**बुढाले बिहे गरे, छिमेकीले मोज गरे ।** बुढेसकालको सहारा भनी वृद्ध पुरुषले बिहे त गरे तर तरुनी स्वास्नीको चाहना पूरा गर्न भने ती असमर्थ रहे । सम्पत्तिको लोभमा फँसेकी महिलाले लोग्नेको खाना खाई छिमेकीसँग अवैध धन्दा गर्न थाली । छिमेकी पुरुषले खान, लाउन दिन नपर्ने तर यौनक्रीडामा रमाउन पाउने अवस्था सिर्जना भएपछि ‘बुढाले बिहे गरे तर छिमेकीले मोज गरे’ भयो । तसर्थ सबै कुरा हेरी बुझी काम व्यवहार गर्नुपर्दछ भन्ने सन्देश उक्त उखानले प्रवाह गरेको पाइन्छ ।

**मेरो पोइ भए तेरा बाउसँग आउँथेँ ।** पोइ परलोक भएकी महिलालाई पुरुषसितको सुमधुर सम्बन्ध याद आइरहन्छ । त्यस्ता महिलाले विधुर पुरुषको खोजी गर्दछन् । श्रीमती बितेको पुरुष र श्रीमान् बितेको महिलालाई एक अर्काको आवश्यकता बोध हुन्छ । आफ्नो बाबुसँग विधवाको साँठगाँठ थाहा पाएपछि छोराछोरीले विधवालाई झपार्छन् । त्यस समयमा काम नपाएर आएकी हुँ र मेरो पोइ भए तेरा बाउँसँग आउँथे भनी विधवाको मुखबाट अन्तरमनको आवाज प्रकट हुन्छ ।

**सालीको आस गर्दागर्दै बगरवास ।** श्रीमती मरेको व्यक्ति सालीलाई फकाएर आफ्नी बनाउँछु भन्दाभन्दै भएको सम्पत्ति सबै सकेर बगरमा वासहुन पुग्छ भने कुनै मर्ने बेलासम्म सालीको साथ पाउँदैन भन्ने ‘साली कसकी भेनाकी’ भन्ने उखानको विपरीत भाव यस उखानमाव्यक्त भएको छ ।

**स्वाद लिए अर्काले पाप बोके सम्धीले ।** एकातिरको सम्धी र अर्कातिरकी सम्धिनीका बिचयौन विषयमा रसिला कुरा हुँदा रहेछन् । सम्धीभन्दा सम्धिनी यौनावेगमा आएर परपुरुषसँग सहवासगर्न पुगिछन् । लोग्ने नभएकी सम्धिनी दुई जिउकी भएपछि सम्धीले मेरो गर्भ हो भनेर ततेरेछन् । सम्धिनीको भित्री मनले भन्यो, स्वाद अर्कैले

लिए तर पाप र पेटको बच्चा सम्धीले मेरो हो भनी ततेरे । यस उखानले छट्टुले काम बिगार्छ सोझाले सजायँ पाउँछ भन्ने भाव व्यक्त गरेको छ ।

**हेलाँकी बुहारी पाउनासित सुत् ।** लोग्ने मरेकी वा विदेसिएकी तथा घरमा हेलत्त भएकी बुहारीलाई सबै जनाले हेप्छन् । गरिब घरपरिवारमा सुत्ने ठाउँ र विस्तराको राम्रो प्रबन्ध मिलाइएको पाइँदैन । पाहुना आउँदा कहाँ सुताउने समस्या आएपछि सासूससुराले बुहारीलाई हेलाँकी बुहारी पाउनासित सुत् भने । बुहारीले हुन्छ भन्न नि सकिन हुन्न भन्न नि सकिन । पाहुनासित सुते यौन दुर्व्यवहार हुने डर, नसुते सुत्ने ठाउँ नै छैन । अब के गर्ने ? बुहारीलाई माया गर्ने कोही छैन, उसको इज्जतको ख्याल गर्ने पनि छैन । घरमा हेलाँ गरिएकी बुहारीको वास्तविक समस्याको उद्घाटन यस उखानले गरेको छ ।

**(ग) पशु आरोपित यौन उखानहरू :**

**अर्को गाउँमा कुकुर भुक्यो म राँडीको हियो दुःख्यो ।** मानिस आउँदा जाँदा घरपालुवा कुकुर भुक्ने गर्दछन् । रातीको समयमा पारि गाउँमा कोही आयो होला र कुकुर भुक्यो । वारि गाउँकी विधवा कुकुरको भुकाइ सुनेर बिउँझी । त्यो मान्छे आफ्नै घरमा आइदिए हुन्थ्यो भन्ने मनोविज्ञानले त्यो विधवा कुकुरको आवाज सुनिरहन्छे तर परपुरुष आफ्नो घरमा आउँदैन । आस गरेस् भर नपरेस् भने जस्तै परपुरुषको आगमनको प्रतीक्षामा मुटु थिची बस्छे । त्यो विधवा रातभरि हियो (मुटु) दुःखाएर अनिद्रामा रात बिताउँछे ।

**आमा भए बाउलाई बाखीको दोष लाग्थ्यो?** यस उखानमा विधुर बुबाले श्रीमतीको मृत्युपछि कतै जिस्किएको कतै अप्राकृतिक सम्बन्ध राखेको भन्ने भावना व्यक्त गरेको छ । आमा बाँचेकी भए बाउको यो अवस्था नहुने कुरा छोराछोरीको मुखबाट आएको छ । मानिसलाई शारीरिक रूपमा यौनको आकाङ्क्षा हुने तर सशरीर यौन सम्पर्क राख्न नपाउँदा अप्राकृतिक रूपमा भए पनि यौनचाहना पूरा गर्ने कुरा देखाइएको छ । त्यसैको चोटिलो अभिव्यक्ति माथिको उखानले दिएको छ ।

**काम पाइनस् बुहारी पाडाको कुपु कन्या ।** नेपाली समाजमा पहिले पहिले बुहारीलाई हेप्ने, खान लाउन राम्ररी नदिने, काम मात्र गराउने प्रचलन रहेछ । त्यही बुहारीलाई सासूससुराले राम्रो काम केही गर्दिनस् भन्दै भैँसीको पाडाको कुपु कनाएर बस भन्दा रहेछन् । त्यही कुराको अभिव्यक्ति यस उखानमा भएको छ ।

**तल परेपछि घोडाको जत्रो पनि थाप्नुपर्छ ।** युवाजोशमा कामवासना पूरा गर्ने हो भने व्यक्ति ठुलो वा सानो भन्न हुँदैन । कामवासनाको तृप्तिका लागि नारीले जस्तोसुकै बलियो वा ठुलो हतियार पनि प्रयोग गर्नुपर्छ, ठुलो भनेर डराउनु हुँदैन भन्ने भाव यस उखानमा व्यक्त भएको पाइन्छ ।

**बाखीको पुच्छर काट्यो, बोकालाई सजिलो ।** यस उखानले पशु दृष्टान्त दिएर मान्छेको व्यवहार बताएको छ । यौन उत्तेजित चञ्चले बोकाले बाखालाई बढी नै सताउँछ । बाखाले पुच्छर चलाएर बोकाको यौनक्रीडालाई अस्वीकार गर्दछ । पुच्छर नै काटिए पछि बाखाले आपत बेहुर्नु पर्दछ, बोकाले सोचेजस्तो बन्छ । त्यस्तै कामुक पुरुषका नजिकै घर सारेर लोग्ने घरबाहिर जाँदा घरमा बसेकी श्रीमती सुरक्षित हुन्न । त्यही छिमेकीले मोज लुट्छ । परिवेशअनुसार काम गर्नुपर्ने सन्देश उक्त उखानले व्यक्त गरेको छ ।

**मातेका बोकालाई कुन दिदी कुन फुपू ?** बैंसमत्त भएका युवाहरू सामाजिक मर्यादा विपरीत पनि जाने गर्दछन् । सामाजिक मूल्यबमोजिम चल्दा गर्न नहुने काम कुरा पनि यौन उत्तेजित युवाले गर्न पुग्छन् । उनीहरू यौनतृप्तिका लागि जे पनि गर्न पछि पर्दैनन् । बोकाका लागि दिदी र फुपूको सीमा नभए जस्तै सामाजिक मर्यादा नाघ्ने कामुक युवाका लागि महिला भए पुग्यो, 'कुन उमेर पुगेकी, कुन उमेर नपुगेकी' वास्तै गर्दैन । शारीरिक

सम्बन्धका लागि योग्य युवती कुन हो भनी ऊ विचार गर्दैन । ऊ त 'जे परिपरी, गर्न थाल्छ मनपरी' ।

**(घ) उपदेशमूलक यौन उखानहरू :**

**कि थुतुनाले बिगार्छ कि मुतुनाले ।** मान्छेलाई दुई चिजले बिगार्छ । थुतुनु (मुख) बढी चलाए वा प्याचप्याच बोले कुरा बिग्रन्छ । त्यसैगरी मुतुनु (बाह्य प्रजनन अङ्ग) बढी चलाए समाज भाँडिन्छ । यी दुई चिजमा आत्मानुशासन आवश्यक हुन्छ । मुख र मुतुनालाई अधीनमा राख्नुपर्छ । जो व्यक्ति यी दुईलाई नियन्त्रणमा राख्न सफल हुन्छ, उसलाई कसैले नराम्रो भन्दैन वा ठान्दैन । जसले यी दुईलाई नियन्त्रणमा राख्न सक्दैन त्यसलाई समाजले राम्रो मान्दैन ।

**गरिबलाई दिउँला नभन्नु, राँडीलाई लैजाउँला नभन्नु ।** गरिब आर्थिक अभावमा पिल्सिएको हुन्छ । उसलाई केही दिउँला भन्यो भने उसले पाउने आशा गर्दछ । नदिँदा दुःख मान्छ वा रिसाउँछ । उमेरमै राँडी (लोग्ने मरेकी) बनेकी आइमाइलाई समाजमा कसैले माया, सम्मान केही दिँदैन । अपमानित विधवाले अरूको सहयोगको अपेक्षा गर्दछन् । त्यस्ता व्यक्तिलाई लान्छु भनेर छोड्नु हुँदैन । लान्छु भनेपछि लानैपर्छ नत्र भने उनीहरू निराश हुन्छन्, गाली गर्न थाल्छन् । कमजोरलाई हाँसोको विषय बनाउनु हुँदैन भन्ने भाव यस उखानमा व्यक्त भएको छ ।

**तरुनी बेस्याका सात वटा पोइ, मर्ने बेला कोही न कोही ।** बैंस छँदा तरुनी युवाबाट घेरिन्छे, सुविधा पनि पाउँछे । बुढी भएपछि सबैले छोड्छन् र ऊ एक्ली हुन्छे । वेस्यावृत्ति युवाजोशको खेल मात्र हो, यो सधैँ टिक्दैन । सबैकी प्यारी तरुनी समय बितेपछि सबैबाट तिरस्कृत बुढी बन्न पुग्छे । यो समाजको रीत नै हो ।

**दुई जोईको पोइ कुना बसी रोई ।** यौन उत्तेजनामा स्वास्नी बटुल्दै हिँड्ने मान्छेले आखिरमा कसैको पनि माया पाउँदैन । एउटा मात्र श्रीमती हुने परिवारमा तुलनात्मक रूपमा झगडा कम हुन्छ । श्रीमान् श्रीमतीका बिच विश्वासको वातावरण कायम हुन्छ । जब श्रीमान् मातेर वा बैसमत्त भएर स्वास्नी बटुल्न थाल्छ तब त्यस श्रीमान्ले कुनै श्रीमतीको पनि साथ सहयोग पाउँदैन । आखिर दुई जोइको पोइ विश्वास गुमाएर अरूले नदेख्ने गरी कुना बसी रोईमा परिणत हुन्छ । बहु विवाह गर्नेको टिठ लाग्दो अवस्थाको चित्रण यस उखानमा भएको पाइन्छ ।

**दुःखीलाई दिएको देखिन्न, अपुताले सुतेको देखिन्न ।** गरिब वा दुःखी मान्छेलाई जति दिए पनि पुग्दैन । अरूले गरेको सहयोग पनि देखिन्नँ । बच्चाबच्ची नपाएका व्यक्तिले श्रीमतीलाई माया गरेर घरमै राखी मन, तन दिए पनि माया गरेको देखिँदैन । श्रीमान् श्रीमतीको शारीरिक सम्बन्धबाट बच्चा जन्मने हुँदा अपुताले शारीरिक सम्बन्ध नै राखेन कि जस्तो भान हुन्छ । जति मिहिनेत गरे पनि बच्चा नभएपछि श्रीमतीसँग मायाले सुतेको देखिँदैन ।

**मनपर्दो जोगीको लगौँटी नै राम्रो ।** गृहस्थी छोडेका पुरुषलाई जोगी र महिलालाई माता भनिन्छ । जोगी र माताका बिच यौन सम्बन्ध रहन्छ भन्दछन् । मन पर्दो जोगी खरानी दलेर हिँडे पनि उसको गुप्ताङ्ग ढाक्ने वस्त्र वा लगौटी मातालाई सबैभन्दा बढी प्रिय लाग्दो रहेछ । व्यक्तिले गृहस्थी त्यागेर सन्यास लिए पनि ऊभित्रको यौनचाहना मरेर जान्नँ । मौका पर्दा जोगी र माताले चौका हान्छन् भन्ने भावना यस उखानले व्यक्त गरेको छ ।

**मुखमा लाउने माड छैन, चाकमा लाउने घिउ ।** उक्त उखानमा खाने, बस्ने व्यवस्था नभएका व्यक्तिहरू नचाहिँदा कुरामा खर्च बढाउँछन् भन्ने भाव व्यक्त भएको छ । यहाँ 'माड' ले खानेकुराको प्रतिनिधित्व गरेको छ भने 'घिउ' ले अनावश्यक नक्कल झक्कलको प्रतिनिधित्व गरेको छ । खान नपाए मान्छेलाई बाँच्न गाह्रो पर्दछ तर सिँगारपटार नभएर मान्छे मर्दैन । आफ्नो आवश्यकता के हो प्राथमिकता तोक्न जान्नु पर्दछ भन्ने सन्देश यहाँ छ ।

**लोग्ने गयो बर्मा, स्वास्नी छैन घरमा ।** मानिससँग जे छ त्यसको महत्त्व हुँदैन, जे छैन त्यसको महत्त्व बढ्छ । गरिब व्यक्ति परिवार छोडेर धन कमाउन विदेश वा बर्मा जान्छ तर घर आउँदा स्वास्नी अन्तै पोइल

गएकी हुन्छे, घरमा हुन्न । लोग्ने पैसा कमाउन विदेश गयो, स्वास्नी रमाउन पोइल गई । बिचमा केटाकेटीले दुःख पाए । यस्तो अवस्था समाजमा बढ्दै गएको छ ।

**लोग्ने मान्छेले आँटे वर्षदिन, आइमाईले आँटे एकैछिन ।** यौनक्रीडामा रमाउन वा सहवास प्रक्रिया अगाडि बढाउन लोग्ने मान्छेभन्दा स्वास्नीमान्छे अगाडि हुन्छन् भन्ने भाव यस उखानमा पाइन्छ । लोग्ने मान्छेले चाहना गर्दा वर्षदिन लाग्ने कुरा आइमाईले चाहे भने तुरुन्तै हुन्छ । त्यसैले यौन दुराचारमा पुरुषभन्दा स्त्री अगाडि हुन्छन् भनिएको छ ।

**(ङ) विपरीत भावजन्य यौन उखानहरू :**

**छोरो पाउने नि रहर, च्यातिएला कि भन्ने नि डर ।** यस उखानमा डराइ डराइ पतिसँग सम्पर्क गर्ने नारी चरित्रको चित्रण गरिएको छ । पतिपत्नीका बिच सम्भोग नभई छोराछोरी नहुने हुँदा पतिसँग सम्बन्ध गाँस्न पनि पर्ने तर खाइलाग्दो शरीरको लोग्ने देख्दा नै आफ्नो बाह्य प्रजनन अङ्ग च्यातिने पो हो कि भनी डराउने नारीको भावना व्यक्त भएको उखान हो यो । यस उखानमा कि छोरो पाउने रहर गर्नु हुँदैन, छोरो पाउने इच्छा भए सम्भोग क्रियामा डराउनु हुँदैन भन्ने सन्देश छ ।

**पहिले राँडले जानिन, पछि राँडले मानिन, बाघ लाग्यो घिच्याउन, राँड लागि चिच्याउन ।** बैंस छँदै विधवा भएकी महिलाले पहिलेको लोग्ने सम्झेर बसी, दोस्रो बिहे गर्न खोजिन वा बिहे गर्नुपर्छ भनेर जानिन । समय बित्दै गएपछि बिहेको अनुरोध हुँदा पनि राँडीले बिहे गर्न मानिन ऊ बुढी हुँदै गई । राँडी भनी हेपेर कोही परपुरुषले विधवालाई घिच्याउन थाल्दा बुढी चिच्याउन थाली । यौनतृप्तिको कुनै क्रीडा नै हुन पाएन । कुनै पनि काम समयमा नै गर्नुपर्दछ भन्ने मनोवैज्ञानिक तर्क यस उखानले व्यक्त गरेको छ ।

**मेरै खरबारीको घाँस, मेरै जिउको सत्यनाश/मेरै बारीको घाँस, मेरै बुहारीको नाश ।** कृषिमा लाग्ने व्यक्ति वा युवायुवती घाँस काट्ने, दाउरा काट्ने जस्ता काम गर्दछन् । मन मिलेका युवायुवती दिनभरि गफ गरेर बसे, बेलुका घर जाने बेला भयो तर घाँस काटेकै छैन । त्यही खरबारीमा यौनक्रीडा गरेपछि त्यही खरबारी काटेर घाँसको भारी पुऱ्याए । विपरीत लिङ्गको आकर्षणमा परी अवैध यौनकर्ममा जुटेका ती युवायुवती यौनक्रीडाका थकानबाट आत्तिएर घर जानु अगि केटीले केटालाई भन्छे, 'मेरै खरबारीको घाँस, मेरै सत्यानाश' ।

**(च) नारी उत्तेजनासम्बन्धी यौन उखानहरू :**

**आफ्नै छोरी उत्ताउली तन्नेरीलाई दोष ।** छोराछोरी हुर्केपछि प्रेमपाशमा बाँधिन चाहन्छन् । केटीलाई केटाको र केटालाई केटीको आवश्यकता पर्दछ । बैंस उन्मत्त छोरी केटासँग जिस्किँदै हिँड्छे र मौका पाए सम्बन्ध जोड्न पुग्छे । केटीकै प्रस्तावमा केटाले प्रेम स्वीकार्छ तर नेपाली समाजमा प्रेम गरी भाग्ने केटाकेटीलाई बारबरी दोष नलगाई केटीका बाउआमाले केटालाई र केटाका अभिभावकले केटीलाई थर्काउने, धम्क्याउने गर्दछन् । यस्तो अवस्थामा नेपाली समाजले केटीका बाउआमालाई सम्झाउँदै भन्छ- आफ्नी छोरी उत्ताउली तन्नेरीलाई दोष ।

**घरभरि देवर पोइको रहर ।** श्रीमान् प्रदेश भएकी महिलाको अवचेतन मनको अभिव्यक्ति यस उखानमा भएको पाइन्छ । यस उखानको अर्थ गाम्भीर्यताको विश्लेषण गर्ने हो भने 'देवर' शब्दले नारी अचेतनको कुण्ठा प्रस्तुत गरेको छ । पोइको अभाव देवरले पूरा गर्दैन भन्ने भाव यहाँ पाइन्छ । हुन त 'पोइ' र देवर' दुवै लोग्नेमान्छे हुन्, दुवै शक्तिशाली पनि छन्, दुवै परिचित छन् तर यी दुई व्यक्तिमा एक विभेद छ जुन कुरालाई नारी हृदयले आँकलन गर्ने गर्दछ । देवर देख्नलाई मात्र हो, यौनतृप्तिका लागि होइन भन्ने सामाजिक मर्यादा पनि अभिव्यक्त भएको पाइन्छ ।

**घरमा सती,बाहिर भने सय पति ।** यस उखानमा कामवृत्तिले भ्रष्ट नारीचरित्रको चित्रण गरिएको छ । व्यङ्ग्यात्मक रूपमा उद्‌गारित यस उखानले दुई चरित्रको नारी मानसिकता प्रस्ट्याएको छ। विवाहित नारीले घरमा गर्ने व्यवहार र बाहिर गर्ने व्यहवार यसमा वर्णित छ । 'सती' र 'सय पति' अन्त्यानुप्रास मिले जस्तो अर्थले पनि सान्निध्यता राख्दछन् । 'सती' भनेर पतिव्रता भन्न खोजिएको हो भने 'सय पति' भनेर व्यभिचारिणी भन्न खोजिएको हो । घरमा हुँदा राम्रो चरित्र प्रदर्शन गर्ने तर बाहिर कामवृत्तिले मात्तिने, रतिरागमा लिप्त हुने, बहुपुरुष भोग गर्ने नारी चरित्रको अर्थ यस उखानमा पाइन्छ ।

**ठाउँ न ठहर, बुढीको रहर ।** कामुक स्वभावकी बुढी आफ्नो बुढोलाई जहाँ देख्छे त्यहीँ यौन क्रीडामा रमाउन चाहन्छे । यौन कर्म जहाँ पनि गर्न हाम्रो समाजले दिँदैन वा रोक लगाएको छ । सुरक्षित ठाउँसम्म जानका लागि बुढीमा धैर्यता नभएको अवस्थालाई ध्यान दिँदै नेपाली समाजले उक्त उखान निर्माण गरेको बुझिन्छ ।

**भोकमा पाइन मकैका ठेला, बैंसमा पाइन पोइ ।** यी दुवै उखानले हरेक कुरा समयमै चाहिन्छ भन्ने भाव व्यक्त गरेका छन् । तिर्खा लाग्दा पानी, भोक लाग्दा मकै (खाना) चाहिए जस्तै स्वस्थ मान्छेका लागि बैंसमा नारीलाई पुरुष र पुरुषलाई नारी आवश्यक हुन्छ । समाजले लुकाएको वा गोप्य राखेको भए पनि बैंसमा नरनारीलाई एक अर्को नभई हुँदैन भन्ने प्राकृतिक वा जैविक सत्यको उद्‌घाटन माथिका उखानमा भएको पाइन्छ । खानाले भोक हराउँछ, पानीले तिर्खा मेटाउँछ भने पतिपत्नीको सम्भोग क्रियाले यौनतृप्ति गराउँछ । स्वस्थ भएर बाँच्नका लागि यौन पनि नभई नहुने कुरा हो ।

## निष्कर्ष

उखानले समाजको यथार्थ चित्रण गरेको हुन्छ । जस्तो समाज छ, उखान पनि त्यस्तै बन्दछन् । भनाइलाई चोटिलो र प्रभावकारी बनाउन उखानको प्रयोग गरिन्छ । यस आलेखमा यौन पक्षसँग जोडिएका प्रतिनिधिमूलक मनोवैज्ञानिक उखानलाई मात्र समेटिएको छ ।

स्त्री र पुरुषका बिचको रतिक्रियासँग जोडिएका विषयलाई यौन भनिन्छ । नेपाली उखानमा यौनिक प्रभाव देखिन्छ । जीवनलाई अति प्रभाव पार्ने यौनका बारेमा चर्चा गर्नु हुँदैन भन्ने मान्यता नेपाली समाजमा रहेको पाइन्छ । अझै पनि यौनिक शिक्षाका सम्बन्धमा खुलेर कुरा हाम्रो समाजमा भएको देखिँदैन । नेपाली समाजमा विवाहपूर्व यौनसम्पर्क गर्नु हुँदैन भन्ने मान्यता रहँदै आएको छ । शरीरको विकाससँगै यौनउत्तेजना तीव्र भएर आउन थाल्छ । यौनलाई कसैले संयमित भएर रोक्न सक्छन् भने कतिलाई यौनले बाढी बनेर बगाइदिन्छ । यस्तै समस्याबाट नेपाली समाजमा अनेकौं यौन विषयक उखानहरूको उद्‌भव हुन पुगेको छ। यस्तै उखानहरूलाई यस आलेखमा चिनाइएको छ। यौन मनोविकार तथा यौन मनोविज्ञानसँग सम्बन्धित नेपाली उखानहरूलाई यसरी हेर्न सकिन्छ - 'घरभरि देवर, पोइको रहर', लोग्ने विदेश गएकी बैंसालु आइमाईलाई यौनउत्तेजनाले सताउँछ, घरभरि भुसतिघ्रे देवर छन् तर आफूलाई साथ दिने कोही छैनन् । लोग्ने सम्झँदै भाग्यलाई सराप्दै भन्न थाल्छे, 'घरभरि देवर, पोइको रहर' । त्यस्तै घरमा पतिव्रता देखिने नारीले घरबाहिर सयौं व्यक्तिसँग सम्बन्ध राख्दै हिँड्छे । त्यस्तो देखेर समाजले उखान जन्मायो, 'घरमा सती बाहिर भने सय पति' । धेरै प्रतीक्षापछि लोग्ने घर आउँछ तर त्यही बेला श्रीमती बिरामी पर्छे । अनि भनिन्छ, 'बाह्र वर्षमा पोइ आको, म राँडलाई ज्वरो आको' । घाँस काट्न गएका बैंसालुहरूयौनक्रीडामा दिन बिताउँछन् र थकान महसुस भएपछि केटीले भन्छे 'मेरै खरबारीको घाँस, मेरै सत्यानाश' । उमेर गइसकेका बुढाले सम्पत्तिको लोभ देखाएर तरुनी केटी बिहे गर्न पुग्छन् । तरुनीलाई खान, लाउन पाएर मात्र पुग्दैन अनि यौनतृप्तिका लागि छिमेकका ठिटा खोज्दै हिँड्छे । त्यस समयमा नेपाली उखान जन्मन्छ,

'बुढाले बिहे गरे, छिमेकीले मोज गरे' । बैंसालु स्वास्नी घरमा छोडी लोग्ने पैसा कमाउन विदेश जान्छ । पैसा लिएर आउँदा घरमा स्वास्नी हुन्न । यस्तो अवस्थामा समाजले नयाँ उखान अघि सार्दछ, 'लोग्ने गयो बर्मा, स्वास्नी छैन घरमा' । यस्ता उखानको अध्ययनबाट थाहा हुन्छ कि मानिसलाई खान, लाउन जति आवश्यक छ त्यति नै वा अझ बढी यौन सन्तुष्टि चाहिन्छ । यौन सन्तुष्टिका लागि कोही शारीरिक सम्पर्कको बाटो अपनाउँछन् त कोही भनेर स्वाद लिन्छन् । उखानहरू समाजको समस्याबाट जन्मेर अघि बढ्छन् अनि मान्छेले बोलेर वा कर्म गरेर समाधान खोज्छन् ।

नेपाली समाजमा प्रचलित यी र यस्तै महत्त्वपूर्ण उखानलाई यस आलेखमा समेटी तिनको सटिक विश्लेषण गरिएको छ । यी उखानले नेपाली समाज बाहिर सभ्य देखिन खोज्छ तर गुपचुपमा जे पनि गर्न पछि पर्दैन भन्ने कुरालाई प्रस्ट्याएका छन् । बालविधवा, बुढो लोग्ने, अभिभावकको हेलाँ र घृणाबाट धेरै उखान जन्मेका छन् । भोक लाग्दा खाना, तिर्खा लाग्दा पानी, थकाइ लाग्दा विश्राम जति आवश्यक छ त्यति नै बैंसमा यौनतृप्ति आवश्यक रहेको कुरा यस्ता उखानले पुष्टि गरेका छन् । यौन लुकाएर राख्ने विषय नभएर यौनिक शिक्षाका माध्यमबाट युवायुवतीलाई सचेत गराउनु पर्ने विषय हो । यस आलेखको निचोड नेपाली समाजमा प्रचलित यौन विषयक उखानहरूको विश्लेषण गर्दै यौन समाधानको बाटो रोज्ने भन्ने हो । यौनलाई समस्याका रूपमा नबुझी जैविक आवश्यकता बोध गर्दै सहज निकासको बाटो खुला गर्नुपर्दछ । यौनिक शिक्षाका माध्यमबाट समाजमा व्याप्त रहेको यौन दुराचार तथा बलात्कार जस्ता निन्दनीय कार्य रोकी समाजलाई सभ्य र भयमुक्त वातावरण दिन सक्नु पर्दछ । यौनको प्रयोग भएका नेपाली उखानहरूको विभिन्न बुँदामा वर्गीकरण गर्दै उक्त उखानको भाषिक कोणबाट चिरफार गरी नेपाली समाजलाई यौनिक शिक्षाको आवश्यकता रहेको तथ्य अघि सार्दै मानव जीवनमा यौनको महत्त्व स्थापित गर्ने काममा यो आलेख केन्द्रित गरिएको छ ।

## सन्दर्भसूची


आचार्य, वासुदेव (२०६४). *अर्थमूलक नेपाली उखान.* स्वयम् ।

गिरी, जीवेन्द्रदेव (२०५७). *लोकसाहित्यको अवलोकन.* एकता प्रकाशन ।

थापा, धर्मराज र सुवेदी, हंसपुरे (२०४१). *नेपाली लोकसाहित्यको विवेचना.* त्रि.वि. पाठ्यक्रम विकास केन्द्र ।

थापा मगर, दीपककुमार (२०७४). *नेपाली उखानमा यौन मनोविज्ञान.* [अप्राकाशित स्नातकोत्तर शोधपत्र]. नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस ।

पराजुली, कृष्णप्रसाद (२०५४). *नेपाली उखान र गाउँखाने कथा.* रत्न पुस्तक भण्डार ।

पौड्याल, शिवप्रसाद (२०७१). *सामाजिक सांस्कृतिक सन्दर्भका नेपाली उखान.* सुशीला पौड्याल ।

पौड्याल, शिवप्रसाद (२०७७). *नेपाली उखानको विषयात्मक अध्ययन.* नेपाल प्रज्ञा प्रतिष्ठान ।

बन्धु, चूडामणि (२०५८). *नेपाली लोकसाहित्य.* एकता बुक्स ।

भण्डारी, कृष्णप्रसाद (२०६३). *मनको रोग.* साझा प्रकाशन ।

राणा, भरतजङ्ग (२०७०). *भरत उखान सङ्ग्रह.* विद्यार्थी पुस्तक भण्डार ।

लामिछाने, कपिलदेव (२०७७). *लोकसाहित्य सिद्धान्त.* नेपाल प्रज्ञा प्रतिष्ठान ।

लामिछाने, शान्ति (२०६५). *नेपाली उखानमा नारीको स्थान.* [अप्राकाशित स्नातकोत्तर शोधपत्र]. नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस ।

सुवेदी, हंसपुरे (२०६७). *उखान सङ्ग्रह.* विवेक सिर्जनशील प्रकाशन ।